## *माननीय मन्त्री कृष्ण प्रसाद पाठकज्यूको पद बहाली पश्चात*

# गण्डकी प्रदेशको स्वास्थ्य क्षेत्रमा सञ्चालन गरिएका महत्वपूर्ण कार्यक्रम एवं हालसम्मका मुख्य-मुख्य उपलब्धीहरूको संक्षिप्त विवरण


*अध्यावधिक मिति: २०८२ चैत्र ।*


**गण्डकी प्रदेश सरकार**

**स्वास्थ्य मन्त्रालय**

**पोखरा, कास्की, नेपाल**

# गण्डकी प्रदेश: स्थानीय तह




| स्वास्थ्य संस्थाका प्रकार | संख्या |
|---|---|
| **सरकारी** | |
| अस्पताल | ४१ |
| प्राथमिक स्वास्थ्य सेवा केन्द्र | १७ |
| स्वास्थ्य चौकी | ४७८ |
| आधारभुत स्वास्थ्य सेवा केन्द्र | १८६ |
| शहरी स्वास्थ्य केन्द्र | ११७ |
| सामुदायिक स्वास्थ्य केन्द्र | १३० |
| आयुर्वेद स्वास्थ्य संस्था | ६६ |
| **निजी तथा अन्य** | |
| निजी तथा अन्य स्वास्थ्य संस्था | ११६ |

| जिल्ला | नगरपालिका | गाउँपालिका | वडा संख्या | निर्वाचन क्षेत्र | |
|---|---|---|---|---|---|
| | | | | प्रतिनिधि सभा | प्रदेश सभा |
| गोरखा | २ | ९ | ९४ | २ | ४ |
| मनाङ्ग | ० | ४ | २८ | १ | २ |
| मुस्ताङ्ग | ० | ५ | २५ | १ | २ |
| म्याग्दी | १ | ५ | ४५ | १ | २ |
| कास्की | १ | ४ | ७२ | ३ | ६ |
| लमजुङ्ग | ४ | ४ | ७५ | १ | २ |
| तनहुँ | ४ | ६ | ८५ | २ | ४ |
| नवलपुर ब.सु.पू. | ४ | ४ | ९२ | २ | ४ |
| स्याङ्गजा | ५ | ६ | ९७ | २ | ४ |
| पर्वत | २ | ५ | ६१ | १ | २ |
| बागलुङ्ग | ४ | ६ | ८५ | २ | ४ |
| **गण्डकी प्रदेश** | २७ | ५८ | ७५९ | १८ | ३६ |

Map sourece : Department of Survey

Data source : Health Directorate/DHIS-2/FY 2080_81

# गण्डकी प्रदेशको स्वास्थ्य क्षेत्रका सञ्चालन गरिएका महत्वपूर्ण कार्यक्रम एवं हालसम्मका मुख्य-मुख्य उपलब्धीहरूको संक्षिप्त विवरणः

गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयको तर्फबाट गण्डकी प्रदेशको स्वास्थ्य क्षेत्रका सञ्चालन गरिएका महत्वपूर्ण कार्यक्रम एवं हालसम्मका मुख्य-मुख्य उपलब्धीहरूको विवरण सर्वसाधारण लगायत सरोकारवाला सबैको जानकारीको लागि कार्यान्वयनमा लगिएका मुख्य-मुख्य कार्यक्रमहरूको संक्षिप्त विवरण तथा हालसम्मका प्रमुख उपलब्धीहरु यहाँ प्रस्तुत गरेको छु ।

विगतका उपलब्धीहरु र नयाँ कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनबाट गण्डकी प्रदेशको स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण योगदान पुग्नेछ भन्ने कुरामा विश्वास लिएको छु ।

- माननीय कृष्ण प्रसाद पाठक

मन्त्री

(१) गण्डकी प्रदेश अन्तर्गतका ९ अस्पताल र २ आयुर्वेद अस्पताल गरी जम्मा ११ अस्पतालहरूको स्तरोन्नति सहित कुल १६ वटा अस्पतालहरूको स्वीकृत शैय्या संख्या ३०० बाट ८०० पुऱ्याइएकोले सोहि बमोजिम सेवा प्रवाह हुने गरी सम्बन्धित अस्पतालहरूमा बजेट तथा कार्यक्रमको व्यवस्था गरी पठाइएको छ।

**अस्पतालहरूको स्तरोन्नतिको विवरण:**

| क्र. सं | निकाय | अस्पताल शैय्या | | दरवन्दी | |
|---|---|---|---|---|---|
| | | साविक | स्वीकृत | साविक | स्वीकृत |
| १ | धौलागिरी प्रादेशिक अस्पताल, बागलुङ | ५० | १०० | ७८ | ९९ |
| २ | मध्यविन्दु प्रादेशिक अस्पताल, नवलपरासी (ब.सु.पू.) | १५ | १०० | ३२ | ९९ |
| ३ | प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल, कास्की | ० | ५० | ० | ६९ |
| ४ | प्रदेश अस्पताल, गोरखा | ५० | ५० | ५९ | ५९ |
| ५ | प्रदेश अस्पताल, म्याग्दी | ५० | ५० | ५९ | ५९ |
| ६ | प्रदेश अस्पताल, लमजुङ | १५ | ५० | ० | ६९ |
| ७ | मातृशिशु मितेरी प्रादेशिक अस्पताल, कास्की | २५ | ५० | ३८ | ८० |
| ८ | प्रदेश अस्पताल, तनहुँ | १५ | ५० | ३२ | ६९ |
| ९ | प्रदेश अस्पताल, पर्वत | १५ | ५० | २४ | ६९ |
| १० | प्रदेश अस्पताल, स्याङ्जा | १५ | ५० | २४ | ६९ |
| ११ | आपपिपल अस्पताल, गोरखा | १५ | ५० | ० | ६९ |
| १२ | बुर्तिवाङ अस्पताल, बागलुङ | ५ | ५० | ० | ६९ |
| १३ | प्रदेश अस्पताल, मनाङ | १५ | २५ | २० | ३९ |
| १४ | प्रदेश अस्पताल, मुस्ताङ | १५ | २५ | २० | ३९ |
| १५ | गण्डकी आयुर्वेद अस्पताल, कास्की | ० | २५ | ६ | २९ |
| १६ | धौलागिरी आयुर्वेद अस्पताल, बागलुङ | ० | २५ | ६ | २९ |
| | **जम्मा** | **३००** | **८००** | **३९८** | **१०२५** |

धौलागिरी प्रादेशिक अस्पताल र मध्यविन्दु प्रादेशिक अस्पताललाई १०० शैय्यामा स्तरोन्नती गरी प्रति अस्पताल १६ विशेषज्ञ चिकित्सक सहित ९९ दरवन्दी कायम गरिएको छ। यसैगरी, प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल, मातृशिशु मितेरी प्रादेशिक अस्पताल, प्रदेश अस्पतालहरू, तनहुँ, पर्वत, स्याङ्जा, स्थानीय तहबाट प्रदेश सरकार मातहत ल्याई बुर्तिवाङ र आँपपिपल अस्पताललाई ५० शैय्यामा स्तरोन्नति गरी प्रति अस्पताल १३ विशेषज्ञ चिकित्सक सहित ६९ दरवन्दी कायम गरिएको छ। साथै, प्रदेश अस्पताल मनाङ र मुस्ताङलाई २५ शैय्यामा स्तरोन्नती गरी प्रति अस्पताल ३ विशेषज्ञ चिकित्सक सहित ३९ दरवन्दी कायम गरिएको छ। गण्डकी आयुर्वेद अस्पताल कास्की र धौलागिरी आयुर्वेद अस्पताल बागलुङमा अन्तरंग सेवा संचालनका लागि ४ जना विषेशज्ञ चिकित्सक सहित प्रति अस्पताल २९ जना दरबन्दी स्वीकृत गरिएको छ।

(२) स्वास्थ्य मन्त्रालय मातहत रहेका प्रादेशिक निकाय र जिल्लास्तरका कार्यालयहरूलाई संघीयताको मर्म अनुरुप कार्य प्रकृतिमा आधारित रहेर संरचनागत हेरफेर गर्ने गरी संगठन तथा व्यवस्थापन (O & M) सर्वेक्षण मन्त्रिपरिषदबाट स्वीकृत भै कार्यान्वयन भएको छ।

(३) प्रदेश जनस्वास्थ्य सेवा विधेयक एवं सो सम्बन्धमा विषयगत समितिको प्रतिवेदन सदनमा पेश भई स्वीकृतीको चरणमा रहेको छ। साथै, मन्त्रालयबाट निर्माण भएका विशेष महत्वका कानूनी दस्तावेजहरू देहाय बमोजिम रहेका छन्।

<u>देहायः</u>

(क) गण्डकी प्रदेश जनस्वास्थ्य सेवा ऐन, २०८२

(ख) क्यान्सर रोग उपचार आर्थिक सहायता कार्यविधि, २०८२

(ग) अस्पताल व्यवस्थापन समितिको आर्थिक कार्यविधि, २०८२

(घ) गण्डकी प्रदेश अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०८२

(ङ) आयुर्वेद स्वास्थ्य संस्था व्यवस्थापन समिति (गठन) आदेश, २०८२

(च) नेपाल सरकारबाट प्राप्त छात्रवृत्ति चिकित्सक तथा स्वास्थ्यकर्मीको पदस्थापना र सरुवा सम्बन्धी मापदण्ड, २०८१


(छ) आपतकालीन स्वास्थ्य सेवा तथा संक्रामक रोग व्यवस्थापन कार्यविधि, २०८२


(ज) स्वास्थ्य संस्थाको दर्ता, नवीकरण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०८२

(झ) आपतकालीन स्वास्थ्य सेवा तथा संक्रामक रोग व्यवस्थापन कार्यविधि, २०८२ तयार गरी मन्त्रिपरिषद्मा पेश गर्ने प्रकृयामा रहेको।

(ञ) मन्त्रालय र मातहतको निकायहरूमा चालु आ.व. २०८२/०८३ मा स्वीकृत सम्पूर्ण वार्षिक विकास कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको लागि कार्यक्रम सञ्चालन मापदण्ड, २०८२ तयार गरी सोही बमोजिम कार्यक्रम कार्यान्वयन भइरहेको छ ।

(४) प्रदेशका सबै अस्पतालमा विस्तारित बहिरंग (OPD) सेवाको सुरुवात गरिनुका साथै धौलागिरी प्रादेशिक अस्पताल, वागलुङ र प्रदेश अस्पताल, गोरखामा विस्तारित चिकित्सा सेवा (EHS) सञ्चालनमा ल्याइएको छ । अस्पतालहरूको स्तरोन्नति एवम् विशेषज्ञ चिकित्सकीय सेवा पश्चात हाल अस्पतालमा विगत ३ वर्षको तुलनामा सेवाग्राहीको संख्या तेब्बरले वृद्धि भएको छ भने रिफर (Refer) हुने विरामीको संख्या गुणात्मक रुपमा घटेको छ । (२०८२ पुस मसान्तसम्मको तथ्यांक)






(५) अन्तरतह साझेदारी तथा समन्वयमा जिल्लास्थित जनस्वास्थ्य कार्यालयहरु मार्फत स्थानीय तहका स्वास्थ्य संस्थाहरूलाई अत्यावश्यक मेडिकल औजार-उपकरण प्रदान गरी आधारभुत स्वास्थ्य सेवालाई सुदृढिकरण गरिएको छ।

(६) गण्डकी प्रदेश भित्र विभिन्न आश्रमहरुमा रहेका आश्रित तथा असहायहरुलाई आश्रमको नजिकमा रहेको प्रदेश अस्पतालबाट आश्रममै पुगेर कम्तिमा दुई महिनाको एकपटक विशेषज्ञ चिकित्सकहरुको टोलीद्वारा नि:शुल्क स्वास्थ्य परीक्षण तथा उपचार गरिने व्यवस्था मिलाईएको छ। साथै प्रादेशिक एवं प्रदेश अस्पतालहरुले स्थानीय तहमा स्वास्थ्य संस्थामा आवधिक रुपमा विशेषज्ञ सेवा प्रदान गर्ने व्यवस्था समेत मिलाइएको छ।

| क्र.सं | अस्पताल | विशेषज्ञ सेवा विस्तार गरिएको | | कैफियत |
|---|---|---|---|---|
| | | स्थानीय तह | स्वास्थ्य संस्था | |
| १ | धौलागिरी प्रादेशिक अस्पताल, बागलुङ | जैमिनी गाउँपालिका | कुश्मिसेरा प्रा स्वा के | |
| | | गलकोट नगरपालिका | गलकोट नगर अस्पताल | |
| २ | मध्यविन्दु प्रादेशिक अस्पताल, नवलपरासी (ब.सु.पू.) | बौदिकाली गा.पा. | नरम र रकुवा स्वास्थ्य चौकी | |
| | | बुलिङटार गा.पा. | बुलिङटार, कोटथर र डाडाझेरी स्वास्थ्य चौकी | |
| | | विनय त्रिवेणी गा.पा. | | |
| ३ | | पोखरा महानगरपालिका | वेगनास स्वास्थ्य चौकी | |

| क्र. सं | अस्पताल | विशेषज्ञ सेवा विस्तार गरिएको | | कैफियत |
|---|---|---|---|---|
| | | स्थानीय तह | स्वास्थ्य संस्था | |
| | प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल, कास्की | रुपा गाउँपालिका | रुपाकोट अस्पताल | मेडिसिन एमडिजिपी |
| ४ | प्रदेश अस्पताल, गोरखा | बारपाक सुलिकोट गा पा | बारपाक स्वास्थ्य चौकी | जनरल मेडिसिन हाडजोर्नी स्त्री प्रसुति बालरोग |
| | | भिमसेन थापा गा.पा. | शहिद स्मृति आधारभूत अस्पताल | |
| | | आरुघाट गा.पा. | आरुघाट आधारभूत अस्पताल | |
| ६ | प्रदेश अस्पताल, लमजुङ | सुन्दरबजार नगरपालिका | सुन्दरबजार नगर अस्पताल | जनरल सर्जरी हाडजोर्नी स्त्री प्रसुति बालरोग |
| | | राइनस गाउँपालिका | | |
| ७ | मातृशिशु मितेरी प्रादेशिक अस्पताल, कास्की | पोखरा महानगरापालिका | हेम्जा स्वास्थ्य चौकी | |
| ८ | प्रदेश अस्पताल, तनहुँ | म्याग्दे गाउँपालिका | थर्पु आधारभूत अस्पताल | स्त्री प्रसुति |
| | | भानु नगरपालिका | व्यास नगर अस्पताल | |
| ९ | प्रदेश अस्पताल, पर्वत | महाशिला गा.पा. | महाशिला आधारभूत अस्पताल | हाडजोर्नी रोग |
| | | बिदाहि गा.पा. | वहाकिठाँटी स्वास्थ्य चौकी | |
| १० | प्रदेश अस्पताल, स्याङ्जा | बिरुवा गाउँपालिका | बिरुवा आधारभूत अस्पताल | बाल रोग |

(७) मन्त्रालय मातहतका सबै प्रदेश अस्पतालहरुमा जन्मजात रोग पहिचान गर्न नवशिशु स्क्रिनिङ कार्यक्रम नि:शुल्क रूपमा संचालन गरिने व्यवस्था मिलाइएको छ।

(८) मनाङ र मुस्ताङ बाहेकका अस्पतालहरूमा बालबालिकाहरुमा हुने बाथ तथा मुटुरोगको निःशुल्क स्क्रिनिङ गरिने व्यवस्था मिलाइएको छ ।

(९) प्रदेश अस्पतालहरु बुर्तिवाङ, स्याङ्जा, तनहुँ, मध्यविन्दु र धौलागिरीमा इमर्जेन्सि ट्रमा केयर युनिट स्थापना एवं सञ्चालनको व्यवस्था मिलाइएको छ ।

(१०) मध्यविन्दु प्रादेशिक अस्पताल, नवलपरासीमा बौद्धिक अपाङ्गता एवं अटिजम सम्बन्धी अपाङ्गता भएका बालबालिकाहरूको उपचारका लागि अपाङ्गता उपचार केन्द्रको स्थापना गरी निःशुल्क रुपमा कृत्रिम हातखुट्टा निर्माण गरी उपलब्ध गराउने व्यवस्था मिलाइएको छ ।

(११) धौलागिरी प्रादेशिक अस्पताल, बागलुङमा CT Scan सेवा सञ्चालनमा रहेको छ । चालु आ.व. थप दुई वटा अस्पतालहरूमा सिटी स्क्यान (CT Scan) सेवा सञ्चालनको लागि बजेट विनियोजन भई खरिदको प्रक्रियामा रहेको छ ।

(१२) मातृशिशु मितेरी प्रादेशिक अस्पताल पोखरामा निःसन्तान उपचार केन्द्र स्थापना एवं सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ । साथै सबै अस्पतालहरुमा गर्भवती तथा सुत्केरी महिलाहरुलाई सामुहिक स्वास्थ्य परामर्श ( Group counselling on ANC to PNC continuum of care) गर्ने व्यवस्था मिलाइएको छ ।

(१३) धौलागिरी प्रादेशिक अस्पताल बागलुङ र प्रदेश अस्पताल, लमजुङमा सघन उपचार कक्ष (ICU) सेवा, वाल सघन उपचार कक्ष (NICU) सेवा, इन्डोस्कोपी सेवा, ल्याप्रोस्कोपिक सर्जरी र कोलोनोस्कोपी सेवा सञ्चालन गरिएको छ । तनहुँ, पर्वत, गोरखा जिल्लास्थित प्रदेश अस्पताल र मातृशिशु प्रादेशिक मितेरी अस्पतालबाट ल्याप्रोस्कोपिक सर्जरी सेवा संचालनमा ल्याइएको छ । मध्यविन्दु प्रादेशिक अस्पतालबाट मृगौला, हाडजोर्नी र मेरुदण्डको विशिष्टीकृत सेवा संचालनमा ल्याइएको छ ।

(१४) स्याङ्जा, तनहुँ, बुर्तिवाङ, धौलागिरी प्रादेशिक अस्पताल र मध्यविन्दु प्रादेशिक अस्पतालमा ट्रमा युनिट संचालनमा ल्याइनुका साथै धौलागिरी प्रादेशिक अस्पतालमा जलन उपचार कक्ष स्थापना गरी सेवा सुचारु गरिएको छ ।

(१५) प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल पोखरामा नियमित डाइलायसिस गर्नुपर्ने बिरामीका लागि आवश्यक एभि फिस्टुला निर्माण गरी निःशुल्क सेवा उपलब्ध हुने व्यवस्था मिलाइएको छ ।

(१६) मन्त्रालय मातहतका नौ वटा अस्पतालहरू (धौलागिरी, म्याग्दी, पर्वत, दमौली, स्याङ्जा, गोरखा, मध्यविन्दु, मातृशिशु, जनरल तथा तथा सरुवा रोग अस्पताल) मा हेमोडाइलायसिस सेवालाई थप व्यवस्थित गरी संचालनमा ल्याइएको छ । प्रादेशिक जनरल तथा सरूवा रोग अस्पताल, कास्कीमा जनशक्ति, औजार उपकरण र भौतिक पूर्वाधारको व्यवस्थापन गरी २५ शैय्या क्षमताको डायलाइसिस केन्द्र संचालन कार्यलाई थप व्यवस्थित गरिएको छ ।

उक्त अस्पतालहरुबाट हाल ८३८ जना बिरामीहरूले डायलायसिस सेवा प्राप्त गरिरहेका छन् भने डायलाइसिस सेवाका लागि हाल १५८ जना विरामीहरु प्रतिक्षारत रहेको छन् । यसै डायलायसिस सेवा लिने विरामीहरूले कुर्नु पर्ने अवस्थाको अन्त्य गर्नको लागि चालु आ.व. मा थप रकम विनियोजन गरी २० वटा डायलायसिस मेसिन खरिदको प्रकृयामा रहेको छ ।

(१७) मन्त्रालय माताहतका नौ वटा अस्पतालहरू (धौलागिरी, म्याग्दी, पर्वत, दमौली, स्याङ्जा, गोरखा, मध्यविन्दु, मातृशिशु, जनरल तथा तथा सरुवा रोग अस्पताल) मा हेमोडाइलायसिस सेवालाई थप व्यवस्थित गरी संचालनमा ल्याइएको छ । साथै डायलायसिस सेवा लिने विरामीहरूले कुर्नु पर्ने अवस्थाको अन्त्य गर्न चालु आ.व. मा थप रकम विनियोजन गरी २० वटा डायलायसिस मेसिन खरिदको प्रकृयामा रहेको छ ।

(१८) मध्यविन्दु प्रादेशिक अस्पताल, नवलपरासीमा कृत्रिम हातखुट्टा निर्माण परियोजना सञ्चालनमा ल्याइएको छ ।

(१९) नेपाल रेडक्रस सोसाइटीसंगको सहकार्यमा प्रदेशभर रगत तथा रगतजन्य पदार्थ नि:शुल्क उपलब्ध हुने व्यवस्था मिलाइएको छ ।

(२०) प्रदेश अस्पतालहरु धौलागिरी, गोरखा र मध्यविन्दुमा आँखा उपचार शिविर एवं मोतियाबिन्दुको नि:शुल्क शल्यक्रिया गर्ने गरी बजेट तथा कार्यक्रमको व्यवस्था गरिइएको छ ।

(२१) धौलागिरी आयुर्वेद अस्पताल बागलुङ, गण्डकी आयुर्वेद अस्पताल कास्की र प्रदेश आयुर्वेद चिकित्सालय तनहुँमा गुदारोगको नि:शुल्क स्क्रिनिङ तथा उपचारको लागि बजेटको व्यवस्था भई कार्यक्रम सञ्चालन भइरहेको छ ।

(२२) धौलागिरी आयुर्वेद अस्पताल बागलुङ, गण्डकी आयुर्वेद अस्पताल कास्की, प्रदेश आयुर्वेद चिकित्सालय तनहुँ र नवलपरासीमा ५ वर्षसम्मका बालबालिकाहरूका लागि नि:शुल्क स्वर्ण विन्दु प्राशन कार्यक्रम संचालनमा ल्याइएको छ ।

(२३) महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुका लागि सम्बन्धित जिल्लास्थित जनस्वास्थ्य कार्यालयहरु मार्फत मासिक यातायात तथा संचार खर्च उपलब्ध गराउने गरी बजेट तथा कार्यक्रमको व्यवस्था गरिएको छ ।

(२४) प्रदेश मातहतका सबै अस्पतालहरुमा आमा तथा नवजात शिशु कार्यक्रम संचालनमा ल्याउने गरी आवश्यक बजेट तथा कार्यक्रमको व्यवस्था गरी पठाइएको छ ।

(२५) प्रादेशिक रोग नियन्त्रण केन्द्र, प्रादेशिक रिफरेन्स प्रयोगशाला साविकको प्रादेशिक क्षयरोग नियन्त्रण केन्द्रको भवनमा सञ्चालनमा ल्याउनुका साथै प्रयोगशाला सेवा विस्तार गर्ने उद्देश्यले पोखराका वडा नं १, १५ र २९ मा नमूना संकलन केन्द्र स्थापना गरी सेवा संचालनमा ल्याइएको छ ।

(२६) प्रदेश स्तरिय सुरक्षित मातृत्व मार्गचित्र तयार गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइएको छ ।

(२७) अन्तरतह साझेदारी तथा समन्वयमा स्थानीय तहका स्वास्थ्य संस्थाहरूबाट गुणस्तरीय सेवा प्रवाहका लागि औचित्य, आवश्यकता र बजेटको उपलब्धताका आधारमा जिल्लास्थित जनस्वास्थ्य कार्यालयहरु मार्फत र सम्बन्धित प्रदेश अस्पतालहरूका लागि आवश्यक औषधी, मेडिकल औजार-उपकरण एवं मेसिनरी सामग्रीहरु प्रादेशिक स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र मार्फत एवं अस्पताल आफै पनि खरिद गर्न सक्ने गरी बजेट तथा कार्यक्रमको व्यवस्था मिलाइएको छ।

(२८) मातहतका सबै अस्पतालहरूबाट ६० वर्ष उमेर नाघेका ज्येष्ठ नागरिकहरू र १० वर्ष मुनिका बालबालिकाहरू तथा अति गरिव, विपन्न एवं बेवारिसे व्यक्तिहरुको निःशुल्क स्वास्थ्य परीक्षण सहित बहिरंग सेवा (OPD) प्रदान गरिने कार्यक्रमलाई थप व्यवस्थित गरिएको छ।

(२९) जिल्लास्थित जनस्वास्थ्य कार्यालयहरु मार्फत विद्यालय नर्स कार्यक्रम संचालनमा ल्याइएको छ।

(३०) मनाङ र मुस्ताङ जिल्लाको उच्च पहाडी भेगमा थप जनशक्ति सहित प्रदेश अस्पताल र जनस्वास्थ्य कार्यालयको समन्वयमा उच्च भेगिय स्वास्थ्य सेवा कार्यक्रम संचालनमा ल्याइएको छ।

(३१) मन्त्रालय माताहतका सबै अस्पताहरुबाट रगत तथा रक्तजन्य पदार्थहरु नि:शुल्क वितरण गर्ने कार्यक्रमलाई थप व्यवस्थित गरी कार्यान्वयनमा लागिएको छ।

(३२) प्रादेशिक रोग नियन्त्रण केन्द्र, पोखराबाट समुदायस्तरमा क्षयरोग सम्बन्धी खोज पड्ताल तथा स्क्रिनिङ कार्यक्रम नि:शुल्क रूपमा संचालन गर्ने गरी बजेट तथा कार्यक्रमको व्यवस्था गरिएको छ।

(३३) मन्त्रालय मातहतका सबै प्रदेश अस्पताल, आयुर्वेद अस्पताल, चिकित्सालय र जनस्वास्थ्य कार्यालयहरुको समन्वयमा सर्ने, नसर्ने तथा मानसिक रोगको नि:शुल्क रूपमा स्क्रिनिङ, निगरानी तथा उपचारका लागि बजेट तथा कार्यक्रमको व्यवस्था गरिएको छ।


(३४) प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको भवन निर्माण कार्य सम्पन्न भई नयाँ भवनबाट कार्य सम्पादन शुरुवात गरिएको छ। प्रदेश अस्पताल मनाङ, मुस्ताङ र मध्यविन्दु प्रादेशिक अस्पताल नवलपरासीको अस्पताल भवन निर्माण सम्पन्न हुनुका साथै मध्यविन्दु प्रादेशिक अस्पताल, प्रदेश अस्पताल म्याग्दी, पर्वत र मनाङको नयाँ भवनबाट सेवा प्रवाह भएको छ। उक्त भवनबाट थप सेवा प्रवाह गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरी पठाइनुका साथै प्रदेश अस्पताल लमजुङको भवन निर्माण सम्बन्धी कार्य पूर्वाधार विकास कार्यालय लमजुङ मार्फत एवं गण्डकी आयुर्वेद अस्पताल पोखराको अस्पताल भवन निर्माण सम्बन्धी कार्य भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय मार्फत कार्यान्वयनको चरणमा गैसकेको छ । बहुवर्षीय योजनामा रहेको प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल कास्कीको भवन निर्माण कार्य सहरी विकास तथा भवन कार्यालय कास्की मार्फत भइरहेको छ

। साथै, धौलागिरी प्रादेशिक अस्पताल बागलुङ, मातृशिशु मितेरी अस्पताल कास्की, प्रदेश अस्पताल तनहुँ, पर्वत, स्याङ्जा, मनाङ्ग र मुस्ताङका संरचना सुधार तथा हेलिप्याड निर्माणका लागि समेत आवश्यक बजेट विनियोजन गरी पठाइएको छ।

(३५) प्रदेश आयुर्वेद चिकित्सालय पर्वतको लागि ५ रोपनी जग्गा र प्राप्ति प्रदेश अस्पताल तनहुँको लागि १२ रोपनी १३ आना थप जग्गा प्राप्त भएको छ। साविकको जिल्ला तथ्यांक कार्यालय स्याङ्जाको जग्गा सहितको कार्यालय भवन नेपाल सरकारबाट प्रदेश अस्पताल स्याङ्जाका लागि हस्तान्तरण भई आएको छ।

(३६) संघीय सरकारबाट प्राप्त हुने उपचार सहायताका साथै गण्डकी प्रदेश स्थायी ठेगाना भएका क्यान्सर बिरामीहरुका लागि गण्डकी प्रदेश सरकारको तर्फबाट थप रू. एक लाख बराबरको उपचार सहायता रकम उपलब्ध गराउने गरी वि.पि. कोइराला मेमेरियल क्यान्सर अस्पताल भरतपुर, वीर अस्पताल काठमाण्डौ, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ललितपुर, निजामती कर्मचारी अस्पताल काठमाण्डौ, भक्तपुर क्यान्सर अस्पताल भक्तपुर र कान्ति बाल अस्पताल काठमाण्डौ गरी ६ वटा अस्पतालहरुमा क्यान्सर उपचार सहायता कार्यक्रमको सम्झौता सम्पन्न भई कार्यान्वयनमा ल्याइएको छ।

(३७) गण्डकी प्रदेश भित्रका गर्भवती महिला र नवशिशुहरुको ज्यान जोखिममा परेका बखत तत्काल नि:शुल्क हवाई उद्धार (Air Lifting) गर्ने गरी मन्त्रिपरिषदबाट निर्देशिका स्वीकृत “जोखिममा परेका गर्भवती र सुत्केरी महिलाको हवाई उद्धार कार्यविधि, २०८०” बमोजिम कार्यक्रमलाई थप व्यवस्थित रूपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको छ। उक्त कार्यक्रमबाट आमा र शिशु गरी हालसम्म कुल ७१ जनाको हेली उद्धार गरी ज्यान जोगाइएको छ।



(३८) स्वास्थ्य सेवा सुदृढीकरणको लागि मनाङ, मुस्ताङ, म्याग्दी, पर्वत, लमजुङ, बुर्तिवाङ, आँपपिपल र मध्यविन्दु अस्पतालहरुमा "ख" वर्ग (B Grade) का एम्बुलेन्सहरु प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र मार्फत खरिद गर्ने गरी बजेट व्यवस्था गरिएको छ ।

(३९) प्रणालीगत सुधारका लागि मनाङ, मुस्ताङ, तनहुँ, स्याङ्जा र बागलुङ जिल्ला स्थित जनस्वास्थ्य कार्यालयहरूका लागि चारपाङ्ग्रे सवारी साधनहरु खरिद गर्न सम्बन्धित जनस्वास्थ्य कार्यालयहरूमा बजेट पठाइएको छ ।

(४०) सम्बन्धित अस्पतालहरुबाटै विशेषज्ञ चिकित्सकहरुले प्रोत्साहन सुविधा प्राप्त गर्ने गरी मनाङ, मुस्ताङ, बुर्तिवाङ र आँपपिपल अस्पतालहरुमा विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यक्रम लागू गरिएको छ ।

(४१) प्रदेश अस्पताल म्याग्दी, पर्वत, स्याङ्जा, तनहुँ, गोरखा, लमजुङ, मातृशिशु मितेरी प्रादेशिक अस्पताल कास्की, मध्यविन्दु प्रादेशिक अस्पताल नवलपरासी र धौलागिरी प्रादेशिक अस्पताल, बागलुङमा प्रयोगशाला सूचना प्रणाली (LIS) स्थापना तथा संचालन गरी विद्युतीय चिकित्सा अभिलेख (Electronic Medical Record) प्रणालीमा एकीकरण गर्नका लागि बजेट तथा कार्यक्रमको व्यवस्था मिलाइएको छ ।

(४२) प्रदेशस्तरका सबै अस्पतालहरुलाई न्यूनतम सेवा मापदण्डको अधिकतम पालना र गुणस्तर सुधारको लागि अस्पताल सुदृढीकरण कार्यक्रम अन्तर्गत आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

(४३) प्रदेश मातहतका अस्पतालहरुमा थप सेवा विस्तार र गुणस्तरीय सेवा प्रवाहको लागि सेवा करारमा थप चिकित्सक एवं स्वास्थ्यकर्मीहरुका लागि आवश्यक बजेटको व्यवस्थापन गरिएको छ ।

(४४) प्रदेश अस्पतालहरूबाट प्रदान हुने सेवालाई विद्युतीकरण (Digitalization) गर्ने गरी इलेक्ट्रोनिक मेडिकल रेकर्ड प्रणाली (Electronic Medical Record System) लागू गरिनुका साथै सम्बन्धित जिल्लास्थित जनस्वास्थ्य कार्यालयहरु मार्फत एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली मोनिटरिङ पोर्टल (Monitoring Portal) र निगरानी (Surveillance) प्रणाली स्थापना गर्ने गरी समग्र स्वास्थ्य सेवालाई विद्युतीकरण (Digitalization) गर्ने कार्य अगाडि बढाइएको छ ।

(४५) मिति २०७५ साल भाद्र १३ गते पूर्ण खोप सुनिश्चित प्रदेश घोषणा गरिएको र प्रदेश खोप कोष स्थापना भइ सो कोषमा २ करोड ६५ लाख रकम मौज्दात रहेको छ ।

(४६) गण्डकी प्रदेश भित्रका शहिद र बेपत्ताका परिवार, द्वन्द पीडित, जन आन्दोलन, सशस्त्र युद्ध, मधेस आन्दोलन, थरुहट आन्दोलनका घाईते तथा "ख" वर्गका अपाङ्गहरु र अस्पतालमा नियमित डायलाईसिस सेवा लिइरहेका मृगौला पिडित भएका व्यक्ति र लैंगिक तथा यौनिक अल्पसंख्यकका बढिमा ५ जनासम्म परिवारका सदस्यहरुको नि:शुल्क स्वास्थ्य बीमा गर्ने वा

बीमा नवीकरण गर्ने एवं गण्डकी प्रदेशका पत्रकारहरुलाई नि:शुल्क स्वास्थ्य बीमा गर्ने कार्यक्रमलाई व्यवस्थित बनाइएको छ।

(४७) प्रादेशिक स्वास्थ्य आपतकालिन कार्यसञ्चालन केन्द्र र सो मातहतको एम्बुलेन्स प्रेषण केन्द्रलाई मन्त्रालय मार्फत परिमार्जित रूपमा सञ्चालन गर्ने गरी बजेट तथा कार्यक्रमको व्यवस्था गरिएको छ।

(४८) चालु आर्थिक वर्ष २०८२/०८३ का लागि स्वीकृत वार्षिक विकास कार्यक्रमको विवरण र कार्यान्वयन योजना सहित मातहतका प्रत्येक निकायहरुले २०८२ कार्तिक दोश्रो हप्ताभित्र सरोकारवालाहरु सहितको उपस्थितिमा पत्रकार सम्मेलनद्वारा आम नागरिकमा जानकारी हुने गरी सार्वजनिक गर्न निर्देशन दिई सोहि अनुसार सम्पन्न गरिएको छ ।

(४९) स्थानीय तह मातहत संचालित वालिङ नगर अस्पताल स्याङ्जा, सुन्दर बजार अस्पताल लमजुङ, बागलुङ नगर अस्पताल बागलुङ, बडिगाड आधारभूत अस्पताल बागलुङ, कालिमाटी नगर अस्पताल तनहुँ मध्ये वालिङ नगर अस्पताल, स्याङ्जालाई २५ शैय्यामा स्तरोन्नति गरी प्रदेश सरकार मातहत ल्याई संचालन गर्ने र अन्य अस्पतालहरूलाई १५ शैय्याको आधारभूत अस्पतालको रूपमा स्थानिय तह मातहत नै रहने गरी सम्बन्धित जिल्लास्थित यस मन्त्रालय मातहतका अस्पतालहरूको स्याटेलाइट अस्पतालको रूपमा संचालन गर्न उपयुक्त देखिएकोले मन्त्रालयबाट प्रतिवेदन तयार गरी थप कारबाही अगाडि बढाउन सिफारिस सहित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको छ।

(५०) प्रदेश मातहतका अस्पतालहरूको स्तरोन्नतिसँगै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) र यस मन्त्रालयको सहकार्यमा धौलागिरी प्रादेशिक अस्पताल बागलुङ र आँपपिपल अस्पताल गोरखामा प्रविणता प्रमाणपत्र तहको स्वास्थ्य प्राविधिक शिक्षा संचालन गर्नको लागि प्रकृयागत कामहरू पूरा गरिएको छ।

(५१) WHO, GIZ, USAID, World Bank, UNFPA, UNICEF, JICA, NSI, One Heart International, नेपालस्थित अमेरिकी दूतावास लगायतका साझेदार संस्थाहरूसँग छलफल गरी गण्डकी प्रदेशको स्वास्थ्य क्षेत्रमा थप सहयोगको लागि पहल गरिएको छ।

(५२) स्वास्थ्य मन्त्रालय मातहतका ३९ निकायहरूको नाम कार्य प्रकृतिको आधारमा संशोधन गरी एकरूपता कायम गरिएको छ।

(५३) मन्त्रालय र मातहतका निकायहरुको त्रैमासिक रुपमा प्रगति तथा खर्च विवरण वेबसाइटमा राखी सार्वजनिकीकरण गर्नुका साथै मासिक प्रगति समीक्षा भर्चुअल विधिबाट सञ्चालन गरिएको छ।

(५४) मातृशिशु मितेरी अस्पतालमा नाक, कान, घाँटीको विशेषज्ञ सेवा र ल्याप्रोस्कोपिक सर्जरी सेवा सुरुवात गरिएको छ।

(५५) प्रदेश सरकार मातहतका अस्पतालहरु (मनाङ अस्पताल बाहेक) मा आँखा, दाँत र फिजियोथेरापी सेवा विस्तार गरिएको छ।

(५६) प्रदेश अस्पताल, लमजुङमा सघन उपचार कक्ष (ICU) सेवा, ल्याप्रोस्कोपिक सर्जरी र कोलोनोस्कोपी सेवा सञ्चालन गरिएको छ।

(५७) क्षयरोगका बिरामीहरूको पहिचान गरी उपचारको दायरामा ल्याउन समुदाय स्तरमा Artificial Intelligence जडित एक्सरे प्रयोग गरी गत वर्ष जोखिम समूहका २३,३४६ जनाको स्क्रिनिङ गरी ३४६ जना नयाँ क्षयरोगका बिरामी पत्ता लगाइएको थियो भने चालु वर्षमा हालसम्म विभिन्न स्थानमा ६४७७ जनाको स्क्रिनिङ भई ७३ जना नयाँ क्षयरोगका बिरामीहरु पत्ता लगाई उपचारको दायरामा ल्याइएको छ।

(५८) गत वर्ष प्रादेशिक स्वास्थ्य निर्देशनालयको नेतृत्वमा उच्च रक्तचाप, मधुमेह, क्यान्सर जस्ता विभिन्न नसर्ने रोगको विभिन्न जिल्लाका १४ स्थानमा समुदायस्तरमा ३,४८२ जनाको स्क्रिनिङ गरिएको थियो। चालु आर्थिक वर्षमा कास्की, मुस्ताङ, म्याग्दी, गोरखा र नवलपरासी (व. सु. पू.) मा गरी हालसम्म २०७२ जनाको नसर्ने रोगको स्क्रिनिङ सम्पन्न भइसको छ भने अन्यत्र कार्यक्रम सञ्चालनको क्रममा रहेको छ।

(५९) क्यान्सर उपचार सहायता अन्तर्गत चालु आर्थिक वर्षमा हालसम्म वि पी कोइरला मेमोरियल क्यान्सर अस्पताल भरतपुरबाट ५४४, भक्तपुर क्यान्सर अस्पतालबाट ५८, सिभिल हस्पिटल काठमाडौंबाट २२, बीर अस्पतालबाट ३४, पाटन अस्पतालबाट २६ र कान्ति अस्पतालबाट १ जना गरी ६८५ जनाले सेवा लिएका छन्। गत वर्ष यो सेवा ११९८ जनालाई प्रदान गरिएको थियो।

(६०) प्रदेश सरकार मातहतका १२ अस्पतालमा सेवाग्राहीको चाप अनुसार जनशक्ति व्यवस्थापन र थप सेवा प्रवाह गर्न २६४ जना प्राविधिक जनशक्ति सेवा करारमा व्यवस्थापन गरिएको छ।

(६१) धौलागिरी आयुर्वेद अस्पताल, बागलुङ र गण्डकी आयुर्वेद अस्पताल, कास्कीमा अन्तरंग सेवा सञ्चालन गर्न तत्कालको लागि सेवा करारमा २० जना र प्रादेशिक निकाय तथा स्वास्थ्य कार्यालयहरुमा थप १५ जना प्राविधिक जनशक्तिको व्यवस्था गरिएको छ।

(६२) धौलागिरी आयुर्वेद अस्पताल, बागलुङ र गण्डकी आयुर्वेद अस्पताल, कास्कीमा अकुपञ्चर, क्षारसूत्र, मर्मचिकित्सा, अग्निकर्म सेवा प्रवाह गरिएको छ। प्रदेश आयुर्वेद चिकित्सालय, तनहुँमा क्षारसूत्र स्वयं निर्माण गरी सेवा प्रदान गरिएको छ। धौलागिरी आयुर्वेद अस्पताल, बागलुङमा ५ जना, गण्डकी आयुर्वेद अस्पताल, कास्कीमा ९९ जना र प्रदेश आयुर्वेद चिकित्सालय, तनहुँमा ३ जना, नवलपरासी (ब सु पू) मा १० जना, पर्वतमा ७ जना र म्याग्दीमा ९ जना गरी कुल १३३ जनाको बिरामीहरुको क्षारशूत्र सर्जरी गरिएको छ। गण्डकी आयुर्वेद अस्पताल कास्कीमा १२१ र धौलागिरी आयुर्वेद अस्पताल वागलुङमा ५० जना बिरामीहरु भर्ना भई स्वास्थ्य लाभ गर्नुभएको छ। यसैगरी धौलागिरी आयुर्वेद अस्पतालमा ३३४५ र

गण्डकी आयुर्वेद अस्पताल, कास्कीमा २०१९ प्रदेश आयुर्वेद चिकित्सालय तनहुँमा, ११७५ र प्रदेश आयुर्वेद चिकित्सालय नवलपरासी (ब सु पू ) मा ३७२७ गरी १०२२७ जना बालबालिकाहरुले हालसम्म स्वर्ण बिन्दु प्राशन सेवन गराइएको छ।

(६३) प्रदेश अस्पताल मनाङ, धौलागिरी आयुर्वेद अस्पताल र गण्डकी आयुर्वेद अस्पतालमा स:शुल्क फार्मेसी सेवा सञ्चालनमा ल्याइनुका साथै प्रदेश मातहतका अस्पतालहरूको फार्मेसी सुदृढीकरणका लागि २१ जना फार्मेसी सहायक सेवा करारमा राखिएको छ।

(६४) प्रदेश अस्पताल मनाङ र मुस्ताङमा बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म विस्तारित OPD सेवाको सुरुवात गरिनुका साथै म्याग्दी, पर्वत, लमजुङ, स्याङ्जा, तनहुँ र नवलपुर जिल्ला स्थित प्रदेश अस्पतालमा विस्तारित सेवाको कार्यक्रमलाई निरन्तरता दिनुको धौलागिरी प्रादेशिक अस्पताल, वागलुङ र प्रदेश अस्पताल, गोरखामा EHS (विस्तारित चिकित्सा सेवा) सञ्चालनमा ल्याइएको छ। प्रदेश सरकारले अस्पतालहरूमा जनशक्तिको थप व्यवस्था गरे सँगै सेवाग्राहीको संख्यामा उल्लेख्य वृद्धि भएको छ । पहिलो पटक प्रदेशका सबै अस्पतालहरुमा विशेषज्ञ चिकित्सकहरुद्वारा सेवा प्रवाह भईरहेको छ। विगत ३ वर्षको तुलनामा अस्पतालहरुमा हाल सेवाग्राहीको संख्या ३ गुणा वृद्धि भएको छ भने रिफर (Refer) हुने विरामीको संख्या गुणात्मक रुपमा घटेको छ।

(६५) अस्पतालहरूको सर्जरी सेवालाई थप विस्तार र व्यवस्थित गरिएको छ । हालसम्म प्रदेश अस्पताल, गोरखामा ५५ जनाको, मातृशिशु मितेरी प्रादेशिक अस्पतालमा ६ जनाको, प्रदेश अस्पताल लमजुङमा २९ जनाको र धौलागिरी प्रादेशिक अस्पताल, वागलुङमा ३१ जना ल्याप्रोस्कोपिक सर्जरी भएको छ भने लमजुङ,तनहुँ, बागलुङ र नवलपुरासी (ब सु पू) गरी जम्मा ४६ जना आङ खसेका महिलाहरूको नि:शुल्क शल्यक्रिया गरिएको छ । यसैगरी मध्यविन्दु प्रादेशिक अस्पताल नवलपरासी (ब सु पू) मा हाडजोर्नी एवं स्पाइन र मुटु तथा मृगौला रोग र प्रदेश अस्पताल लमजुङमा मुटु तथा मृगौला रोगको विशिष्टीकृत सेवाको सुरुवात गरिएको छ।

(६६) प्रदेशिक रोग नियन्त्रण केन्द्रको प्रयोगशालाबाट रोगको परीक्षण विस्तार गरी हर्मोनल, इम्युनोलोजिकल, हिस्टोप्याथोलोजी लगायत ५०० भन्दा बढी प्रकारका परिक्षण हुने व्यवस्था मिलाइएको छ।

(६७) शहिद, बेपत्ताका परिवार, विभिन्न जनआन्दोलन घाइते, ख वर्गका अपाङ्गता भएका व्यक्ति र नियमित डायलाईसिस सेवा लिने मृगौला पिडित ६,८५० परिवारका सदस्यहरुको नि:शुल्क गत आर्थिक वर्षमा स्वास्थ्य बीमा गरिएको थियो भने चालु आर्थिक वर्षमा १९५५ परिवारको बीमा नविकरण गरिसकिएको छ।

(६८) गण्डकी प्रदेशका सबै स्वास्थ्य संस्थाहरूबाट नियमित खोप सेवा अटुट रुपमा संचालनका लागि आपूर्ति व्यवस्थापन भइरहेको छ।

(६९) गण्डकी प्रदेशमा माघ २२ गते देखि फाल्गुन ६ गतेसम्म पाठेघरको मुखको क्यान्सर विरुद्धको एच पि भी खोप अभियान सफलतापूर्वक सम्पन्न गरिएको छ । गत वर्ष गण्डकी प्रदेशको १,०१,६६५ किशोरीहरुलाई एच पि भी खोप लिएकोमा चालु वर्षमा (मनाङ र मुस्ताङ जिल्ला बाँकी रहेको ) छन् ।

(७०) बागलुङ जिल्लाको ढोरपाटन नगरपालिकाको वडा नं ७, ८ ९ मा देखिएको दादुरा रोगको प्रकोप नियन्त्रणको लागि फाल्गुन २९ गतेदेखि चैत्र ५ गतेसम्म १० वर्षदेखि १९ वर्षसम्मका ५,९३४ जनालाई दादुरा विरुद्धको खोप लगाइएको छ । बिरामीहरुको उपचारको २५ शैय्याको आइसोलेसन वार्ड स्थापना गरिएको छ । साथै उक्त प्रकोप नियन्त्रणका लागि बुर्तिवाङ अस्पतालमा थप ४ जना चिकित्सक र १२ जना स्टाफ नर्स खटाइनुका साथै प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट आवश्यक औषधी, बिरामी वेड तथा औषधीजन्य सामग्रीको व्यवस्थापन गरिएको छ । यसैगरी नवलपरासी (ब सु पू) मा १,१३,८७३ जनालाई जापनिज इन्सेफ्लाइटिस बिरुद्धको खोप लगाइएको छ ।

(७१) प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट नसर्ने र मानसिक रोगको २३ प्रकारका, नवजात शिशु एवं बाल रोगको ८ प्रकारका, आधारभूत र आकस्मिक उपचारका लागि ५२ प्रकारका, आयुर्वेदको २३ प्रकारका औषधीहरूका साथै मेडिकल औजार तथा उपकरणहरुको टेन्डर एवं खरिद सम्झौता भई प्राप्तिको चरणमा रहेको छ ।

(७२) सम्पूर्ण गर्भवती महिलाहरूलाई स्वास्थ्य संस्थाबाट वा समुदायमै मोबाइलमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मार्फत हालसम्म ६५४७ गर्भवती दर्ता गरी आमा र शिशुको स्वास्थ्य अवस्था अनुगमन गर्ने विद्युतीय प्रणाली संचालनमा ल्याइएको छ।

(७३) प्रदेश अस्पताल मुस्ताङमा गत वर्षबाट शल्यक्रियामार्फत सुत्केरी (Caesarean section) सेवा सञ्चालन आई चालु आर्थिक वर्षमा हालसम्म १७ जनाको शल्यक्रियामार्फत सुत्केरी भएका छन् । यसैगरी बुर्तिवाङ अस्पताल,वागलुङमा २० जनाको शल्यक्रियामार्फत सुत्केरी सेवा लिएका छन् । गण्डकी प्रदेश सरकारको सहयोग, समन्वय र सहजीकरणमा बागलुङको गलकोट नगर अस्पतालमा आकस्मिक प्रसुति तथा नवजात शिशु सेवा (CEONC) को सञ्चालनमा रहेको छ ।

(७४) ७८ स्थानीय तहका ८३३ वटा स्वास्थ्य संस्थाबाट Real Time प्रतिवेदन हुने गरी विद्युतीय स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (Electronic Health Management Information System:e-HMIS) कार्यान्वयनमा ल्याइएको छ । हाल स्थानीय तहका ४१०९ स्वास्थ्यकर्मीहरूले प्रयोग गरिरहेको यस प्रणाली मार्फत दैनिक औषतमा ८००० जना बिरामीको विवरण प्राप्त हुने गरेको छ ।

(७५) स्थानीय तहसँगको समन्वयमा ७० स्थानीय तहमा Family Health Profile तयार गरिएको छ। हालसम्म ३,२२,७७४ परिवारका १२,२१,५७१ सदस्यहरूको विवरण अद्यावधिक गरी व्यक्तिगत स्वास्थ्य संकेत नम्बर प्रदान गरिएको छ।

(७६) गर्भवती दर्ता र अनुगमन प्रणालिमा हालसम्म ११,५४१ गर्भवती महिला दर्ता भई नियमित फलो अप एवं सञ्चार सम्पर्कमा हुनुहुन्छ।

(७७) प्रदेशभर महामारी निगरानी तथा प्रतिकार्य गर्न प्रकोपको शिघ्र सूचना प्रवाहका लागि सर्भिलेन्स आउटब्रेक रेस्पोन्स म्यानेजमेन्ट एण्ड एनालाइसिस प्रणाली (SORMAS) लाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइएको छ।

“समृद्ध प्रदेशका लागि
स्वस्थ र सुखी नागरिक”

गण्डकी प्रदेश सरकार
**स्वास्थ्य मन्त्रालय**
पोखरा, कास्की, नेपाल